# एलर्जी

## Allergies

An allergy occurs when the body reacts to a substance. This may cause a mild to severe problem. There are different kinds of allergies. The most common allergies are to:

- Things in the air such as pollen, mold, pet dander or dust
- Things you touch such as metal, latex or chemicals
- Foods you eat or drink such as eggs, peanuts, nuts, milk, soy, wheat or shellfish
- Insect stings, such as from yellow jackets, bees, wasps, hornets or ants
- Medicines

An allergy cannot be cured, but treatment can help you feel better. The best plan is to avoid the substances that make your signs worse.

शरीरले जब कुनै वस्तुप्रति प्रतिक्रिया गर्दछ, तब एलर्जी हुन्छ। यसले गर्दा सामान्यदेखि गम्भीर समस्या उत्पन्न हुनसक्छ। एलर्जी विभिन्न किसिमका हुन्छन्। धेरै आम एलर्जीहरू निम्नबाट हुन्छन्:

- हावामा भएका वस्तुहरु जस्तै पराग, माटो, पालतु जनावरको चाया वा धुलो
- तपाईंले छुनुभएको कुनै चीज जस्तै धातु, चोप वा रसायनहरू
- तपाईंले खाने वा पिउने भोजन वा पेय जस्तै अण्डा, बदाम, सुपारी आदि, दूध, सोया, गहूँ वा सिपी माछा (शेलफिश)
- कीराले टोक्ने जस्तै येलो ज्याकेट (एक प्रकारको मौरी), मौरी, बारूलो, अरिंगाल, वा कमिलो
- औषधिहरू

एलर्जीलाई निको पार्न सकिंदैन तर उपचारले तपाईंलाई राम्रो महसूस गर्नमा मद्दत गर्नसक्छ। यसमा सबैभन्दा उत्तम उपाय हो, तपाईंलाई पिरोल्ने वस्तुहरूबाट टाडा रहनु।

## Signs

The most common signs of allergies are hives or skin rashes and wheezing or trouble breathing. **If you have trouble breathing, call 911.** Other signs depend on the cause of the allergy and may include:

- Itchy, runny or stuffy nose
- Sinus pressure
- Sneezing
- Itchy, red, swollen, burning or watery eyes
- Itchy throat or cough
- Decreased taste or smell
- Headaches
- Nausea or vomiting
- Abdominal pain or cramping

## लक्षणहरू

एलर्जीका सबैभन्दा आम लक्षणहरूमा चिलाउने वा छालामा दाना निस्कने र सास फेर्दा घ्वार-घ्वार गर्ने वा सास फेर्न अप्ठ्यारो हुनु सामेल छन्। **तपाईंलाई सास फेर्न कठिन भइरहेको छ भने 911 मा फोन गर्नुहोस्।** अन्य लक्षणहरू, एलर्जीको कारणमा निर्भर रहन्छन् र यसमा सामेल हुनसक्छन्:

- नाक चिलाउने, बग्ने वा बन्द हुने
- साइनसको दबाव
- हाच्छ्यूँ (छींक)
- आँखा चिलाउने, रातो हुने, सुन्निने, पोल्ने वा पानी बग्ने
- घाँटी चिलाउने वा खोकी
- स्वाद वा गन्ध लिने शक्तिमा कमी
- टाउको दुख्ने
- वाकवाकी वा वान्ता
- पेट दुख्ने वा ऐठन

- Diarrhea
- Swelling around the mouth or trouble swallowing

- पखाला
- मुख वरिपरि सुन्निने वा निल्नमा कठिनाई

## Your Care

Your doctor will ask you about your signs. Skin or blood tests may be done to check for allergies. Your doctor may suggest over the counter or prescription medicines to treat your signs.

## तपाईंको हेरचाह

तपाईंको डाक्टरले तपाईंका लक्षणहरूबारे तपाईंलाई सोध्ने छ। एलर्जी जाँचको लागि छाला वा रगत परीक्षण गर्नसकिन्छ। तपाईंका लक्षणहरूको उपचारका लागि तपाईंको डाक्टरले काउन्टरमा पाइने वा प्रेस्क्राइब गरिएका औषधि सेवन गर्न भन्नसक्छ।

## Call your doctor if you have:

- Signs that get worse or keep you from doing your normal activities
- A fever over 101 degrees F or 38 degrees C

## तपाईंलाई निम्न समस्या छ भने डाक्टरलाई फोन गर्नुहोस्:

- लक्षणहरू जो गम्भीर बन्दै जान्छन् वा तपाईंलाई आफ्नो सामान्य कामकाज गर्न गाह्रो हुन्छ
- 101 डिग्री फारेनहाइट वा 38 डिग्री सेल्सियस ज्वरो आउँछ

**Talk to your doctor or nurse if you have any questions or concerns.**

**तपाईंका कुनै प्रश्न वा गुनासो छन् भने आफ्नो डाक्टरसित कुरा गर्नुहोस्।**

© 2005 - March 21, 2016, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children’s Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.